# Legal landscape:
# Gender-biased Sex Selection in Nepal

Policy Brief 1, December 2020

## विभेदपूर्ण लिङ्ग छनौटलाई सम्वोधन गर्न महिलाको स्वतन्त्र पहिचान र उनीहरूको आत्मनिर्णयको अधिकारलाई सम्मान गर्दै महिला तथा बालिकाहरूमाथि हुने हिंसा विरुद्धको दण्डहीनता र उनीहरुमाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने विषयहरू समेट्नु पर्दछ ।

विभेदपूर्ण लिङ्ग छनौट भन्नाले आफ्नो इच्छा अनुसारको लिङ्ग भएको शिशुलाई मात्र जन्म दिने भन्ने बुझिन्छ । यसका साथै, विभेदपूर्ण लिङ्ग छनौट जन्म पहिले र जन्म पछि पनि हुन सक्दछ। छोरालाई प्राथमिकता दिने लिङ्ग छनौट प्रवृत्तिले नेपालमा विद्यमान लैङ्गिक विभेदलाई झल्काउँछ । यस्तो प्रकारको विभेदले नेपालको परम्परा, संस्कार, धर्म, सामाजिक, आर्थिक तथा कानूनी व्यवस्था भित्र नै जरो गाडेको छ, जसले बालिका र महिलालाई कम महत्व दिन्छ। परापूर्वकाल देखि नै छोराहरुलाई धेरै प्राथमिकता दिने तथा उनीहरूलाई परिवारको आर्थिक सहयोगी र बुढेसकालको सहाराका रुपमा लिने गरिएको छ। विद्यमान धार्मिक विश्वास अनुसार बाबुआमाको अन्तिम संस्कार गर्नका लागि छोरा मात्र योग्य हुने जस्ता कारणले छोरा जन्माउनुलाई समाजमा गर्वको विषय मान्ने गरिन्छ ।

पितृसत्तात्मक शक्ति संरचना तथा पुरुषप्रति नेपाली महिलाहरुले आर्थिक तथा कानूनी परनिर्भरता हुनु पर्ने कारणले गर्दा उनीहरूको आफ्नो स्वतन्त्रता र शरीर माथिको आत्मनिर्णयको अधिकारलाई सिमित बनाएको छ। अर्को तर्फ सरकारको जनसंख्या नियन्त्रण रणनीतिले गर्दा थोरै सन्तान जन्माउनु पर्ने सामाजिक बाध्यता पनि महिलाहरूले नै भोग्नु परेको छ ।[1]

यस्ता महिला तथा बालिकाहरुमाथि हुने विद्यमान लैङ्गिक विभेद र सरकारको जनसंख्या नियन्त्रण नीति संगसंगै छोरीहरु माथिको बढ्दो असुरक्षा जस्तै लैङ्गिक हिंसा जस्ता मुख्य कारणले छोरी जन्माउन नचाहने वा छोरी जन्माएमा सामाजिक भेदभाव तथा हेयभावको सिकार हुनु पर्ने मध्ये कुनै एउटा विकल्प महिलाले छनौट गर्नु पर्ने हुन्छ ।

## नेपालमा विभेदपूर्ण लिङ्ग छनौटको अवस्था


सन् १९८० को दशकमा पहिलो पटक गरिएको प्रजनन् सम्बन्धी विश्वव्यापी सर्वेक्षण (World Fertility Survey) प्रतिवेदनमा नेपाललाई छोरालाई उच्च प्राथमिकता दिने देशका रुपमा चिनाईएको छ ।[2]

विवाहित महिलाहरूलाई जतिसुकै छोरी जन्माएपनि छोरा जन्माउनु पर्ने दवाब तथा बाध्यताहरु रहिरहेको हुन्छ । छोराको उच्च प्राथमिकताको कारणले लैङ्गिक अनुपातमा पुरुषको जनसंख्यामा वृद्धि हुन पुग्दछ। जसको कारण श्रोत साधनको बाँडफाँडमा महिलाहरु माथि भेदभावपुर्ण व्यवहार हुन सक्दछ, यसको फलस्वरुप मातृमृत्यु तथा मातृ अस्वस्थतामा असर पर्न सक्दछ । सामाजिक र व्यवहारीक विभेदपूर्ण प्रचलन नहुने हो भने, सामान्यतया १०० जना छोरी जन्मदा करिव १०५ देखि १०७ जनासम्म छोरा जन्मनु प्राकृतिक रुपमा सामान्य मानिन्छ ।[3]

नेपालका केहि तराई तथा पहाडी जिल्लाहरुमा लैङ्गिक अनुपातमा असन्तुलन देखिन थालेको छ। १० वर्षभन्दा कम उमेर भएका छोराछोरीहरूमध्ये छोराहरु २.२ प्रतिशतले बढी छन् । ग्रामिण क्षेत्रमा छोरीभन्दा छोराहरू १.७ प्रतिशतले बढी छन् भने शहरी क्षेत्रमा छोरीभन्दा छोराहरूको अनुपात ५.६ प्रतिशतले बढी छ ।[4]

नेपालमा सन् १९९१ देखि २०१५ सम्मको जन्मको लैङ्गिक अनुपात चित्र १ मा देखाइएको छ । तलको चित्र अनुसार सन् २००० मा हरेक १०० जना छोरी जन्मदा ९८ छोरा जन्मिने गरेका थिए भने २०१५ मा आएर हरेक १०० जना छोरी जन्मदा ११० छोराहरू जन्मिएका थिए। यसले बढ्दो लैङ्गिक असन्तुलनको अनुपातलाई इङ्गित गर्दछ।

**चित्र १: जन्मको लैंगिक अनुपात सन् १९९५-२०१५ नेपाल (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् १९९६-२०१६)**




***Source:*** *CREHPA and UNFPA 2018*

## लैंगिक समानतामा कानूनी प्रत्याभूतिहरु

नेपालको संविधान (२०१५) ले सुरक्षित मातृत्वको अधिकार र महिलाको प्रजनन स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा प्रत्याभूत गरेको छ। यसका साथै, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार ऐन (२०१८) मौलिक अधिकारको प्रत्याभूत गर्नका लागि लागू गरिएको थियो, जसले सुरक्षित मातृत्व, परिवार नियोजन, प्रजनन स्वास्थ्य सम्बन्धी रुगणता र सुरक्षित गर्भपतन सम्बन्धी सबै विषयलाई विस्तृत रूपमा समेटेको छ।[५]

## लिङ्ग छनौटको आधारमा गरिने गर्भपतनको विरुद्धमा भएका कानूनी प्रावधानहरू

नेपालको संविधानले समानताको अधिकारलाई पनि मौलिक अधिकारको रुपमा प्रत्याभूत गर्दछ र विशेष गरी लिङ्ग, वैवाहिक स्थिति र गर्भावस्थाको आधारमा कानूनको प्रयोगमा हुने भेदभावलाई निषेध गर्दछ।[६] नेपालको बालबालिका ऐन (२०१८) ले बालबालिकाहरुबीच हुने कुनै पनि प्रकारको विभेदलाई निषेध गरेको छ।[७]

नेपालको मुलुकी ऐन (सन् २००२) को एघारौ संशोधनले नेपालमा गर्भपतनलाई कानुनी मान्यता दिए तापनि लिङ्ग पहिचान गरी सो को आधारमा गरिने गर्भपतनलाई दण्डनीय बनाएको छ।

नेपालमा हाल लिङ्ग पहिचान गरी गरिने गर्भपतनसंग सम्बन्धित दुई वटा कानुनी व्यवस्थाहरु छन्। यि कानूनी व्यवस्थाहरुमा मुलुकी अपराध (संहिता) ऐन २०१७ अन्तर्गतको गर्भ संरक्षण विरुद्धको कसुर र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०१८ रहेका छन्। यस कानुन अनुसार कसैले पनि भ्रुणको लिङ्ग पहिचान गर्न वा गराउन बाध्य पार्न पाईदैन।[५] कानून अनुसार लिङ्ग पहिचान गराउने महिला र यस्तो सेवा प्रदान गर्ने चिकित्सक/स्वास्थ्यकर्मी दुवैलाई तीन देखि छ महिनासम्मको कैदको कानुनी प्रावधान रहेको छ। यसै कानून अनुसार गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी लिङ्ग पहिचान गर्ने क्रियाकलापलाई पनि प्रतिवन्ध लगाएको छ।[८] यसका साथै, महिलाले पारिवारीक सदस्य वा तेस्रो व्यक्तिको दवावमा परी भ्रुणको लिङ्ग पहिचान गरेको भन्ने प्रमाणित हुन आएमा दवाव दिने व्यक्तिका साथै सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई कानून बमोजिम सजाय प्रावधान रहेको छ।

यसै कानून अनुसार लिङ्ग पहिचान गरी गर्भपतन गरेमा गर्भावधिको आधारमा निम्न बमोजिम सजायको व्यवस्था गरिएको छ :

- लिङ्ग पहिचान गरी बाह्र हप्तासम्मको गर्भको गर्भपतन गरेमा दुई वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवााना,
- लिङ्ग पहिचान गरी बाह्र हप्ता भन्दा बढी देखि पच्चीस हप्तासम्मको गर्भको गर्भपतन गरेमा चार वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना, र
- लिङ्ग पहिचान गरी पच्चीस हप्ताभन्दा बढीको गर्भको गर्भपतन गरेमा छ वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबानाको व्यवस्था छ।

सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन (२०१८) ले महिलाको सुरक्षित, कानूनी तथा निःशुल्क गर्भपतनको अधिकारलाई थप सुनिश्चित गरेको छ।

## विभेदपूर्ण लिङ्ग छनौटलाई निरन्तरता दिन भुमिका खेल्ने विद्यमान कानूनी अवस्थाहरू

कानूनी प्रावधान तथा सरकारको छोरी बचाउने प्रतिवद्धताहरू भएता पनि लिङ्ग छनौटको आधारमा गरिने गर्भपतन तथा छोरीहरू माथिको विभेद समाजमा अझै पनि विद्यमान छ। महिलाहरुलाई नागरिकता, पैतृक सम्पत्तिका साथै विवाह तथा पारिवारिक सम्बन्धका विषयहरुमा विभेद गरी समान स्थान दिईएको छैन र महिलाको अधिकारहरू सबै नै उनीहरूको वैवाहिक संम्बन्धसंग गाँसिएका छन्। जसले गर्दा समाजमा महिलालाई दोश्रो दर्जाको रुपमा राख्नुका साथै छोराको चाहनालाई उच्च प्राथमिकता दिएको छ।

**नागरिकता:** नेपालको कानूनले महिलाको श्रीमान् तथा बच्चाहरुलाई नागरिकता प्रदान गर्ने विषयमा महिलाहरुको स्वतन्त्र पहिचानलाई मान्यता दिएको छैन। नेपालको संविधानमा समानताको अधिकार र लिङ्गको आधारमा कुनै पनि विभेद हुन नपाउने मौलिक हकको व्यवस्था भएतापनि महिलाहरूको लागि संविधान आफैमा विभेदपूर्ण रहेको छ। जस्तै, बाबुको पहिचान खुल्न नसकेको अवस्थामा मात्रै आमाको नामबाट बच्चालाई नागरिकता प्रदान गर्न सक्ने प्रावधान छ।[९] पुरुषको हकमा उसको विदेशी श्रीमती तथा उनीहरूबाट जन्मेको सन्तानहरुलाई नागरिकता दिन सकिने प्रावधान छ[१०] तर महिलाको हकमा उनको विदेशी श्रीमान् तथा उनीहरूबाट जन्मिने सन्तानहरूलाई नागरिकता दिने सम्बन्धमा संविधानमा कुनै पनि व्यवस्था छैन।

**पैतृक सम्पत्ति:** संविधानले लैङ्गिक भेदभाव विना पैतृक सम्पत्तिमाथि महिलाहरूको समान अधिकार र वंशको आधारमा पनि महिलाको समान अधिकारलाई सुनिश्चित गरेको छ ।[११, १२] तथापि, विवाहित महिलाहरूलाई पैतृक सम्पत्तिमा समान अधिकार दिने कानूनी व्यवस्थालाई व्यवहारमा सुनिश्चित गर्न सकिएको छैन । छोरीहरूलाई पैतृक सम्पत्ति माथिको अंशियारका रुपमा कानूनी मान्यता दिएको र अंशवण्डा गर्दा सबै नै अंशियारहरूको अनिवार्य रुपमा अनुमति लिनु पर्ने व्यवस्था भए तापनि व्यवहारमा मालपोत कार्यालयले अंशवण्डा गरिएको सम्पत्ति दर्ता गर्ने क्रममा छोरीहरूको अनुमति लिने गरेको छैन ।[१३]

**विवाह तथा पारिवारीक सम्बन्ध:** सम्पत्ति तथा पारिवारीक विषयहरूमा संविधानले श्रीमान् श्रीमती बीचमा समान अधिकारको व्यवस्था गरेको छ ।[१४] यद्यपि, बहुविवाहलाई मुलुकी अपराध (संहिता) ऐन[१५] तथा मुलुकी देवानी (संहिता) ऐन दुवैले निषेध गरेको भए तापनि यी ऐनहरुले अस्पष्ट रुपमा बहुविवाहलाई सशर्त मान्यता दिएको छ ।[१६]

यदि महिलाको कारणले गर्दा सम्बन्ध विच्छेद हुन गएको छ भने मुलुकी देवानी (संहिता) ऐनले महिलालाई सम्पत्ति विभाजन सम्बन्धमा आफ्नो अंशको दावी गर्न निषेध गरेको छ ।[१७] श्रीमतीले खान नदिएको, घरबाट निकालेको, शारिरीक तथा मानसिक घात गरेको तथा महिलाले परपुरुषसँग सम्बन्ध राखेको जस्ता विविध कारणहरु देखाई श्रीमान्ले सम्बन्ध विच्छेद गर्न चाहेमा श्रीमतीलाई सम्पत्तिको अंश दिन र मानाचामल तथा घरखर्च व्यहोर्न श्रीमान् बाध्य हुने छैन ।[१८, १९] छोरी तथा श्रीमती प्रतिका यस्ता विभेदकारी कानूनी प्रावधान र व्यवहारले समाज र परिवारमा पुरुषहरूलाई उच्च र महिलाहरूलाई तल्लो तहमा रहेको जनाउँदछ ।

**दाईजो तथा घरेलु हिंसा:** दाईजो प्रथाको कारणले छोरीलाई परिवारमा बोझको रुपमा लिईन्छ, जसले गर्दा विभेदपूर्ण लिङ्ग छनौट गर्ने प्रवृतिलाई थप बढावा दिएको पाईन्छ। दाईजोका कारण महिलामाथि हुने दुर्व्यवहार तथा हिंसा र सोसंग सम्बन्धित मृत्युहरू सञ्चारका माध्यमहरूमा प्रायः आईरहन्छन् । दाईजो माग्ने तथा दाईजो दिने प्रचलनलाई कानूनले प्रतिवन्ध लगाए तापनि १० हजारसम्मको दाईजो लिने दिनेलाई कुनै कानूनी सजाय तोकिएको छैन ।[२०] त्यसैगरी दाईजो मागेमा, दाईजो दिन बाध्य पारेमा तथा दाईजो नदिएर दुर्व्यवहार गरेमा त्यसलाई कानूनले घरेलु हिंसा अन्तर्गत आर्थिक हिंसाका रुपमा परिभाषित गरेको छ ।[२१] घरेलु हिंसा (अपराध तथा सजायँ) ऐनले घरेलु हिंसामा परेका पीडितहरूको समस्यालाई सम्वोधन गर्ने क्रममा भने मेलमिलापलाई जोड दिएको छ ।[२२] समाजमा महिला पुरुष विचको शक्ति असन्तुलनको कारण मेलमिलापको क्रममा पीडित पक्षका दृष्टिकोण र अधिकारहरूलाई कमजोर पारिएको हुन्छ ।

**बालिका र महिलाहरुमाथि हुने शारिरीक तथा यौन हिंसा:** संविधानले महिलामाथि हुने कुनै पनि प्रकारको धार्मिक, सामाजिक, सांस्कृतिक प्रचलनको आधारमा हुने शारिरीक, मानसिक, यौन, मनोवैज्ञानिक तथा अन्य प्रकारका हिंसाहरु माथि प्रतिवन्ध लगाएको छ ।[२३] महिलामाथि हुने शारिरीक हिंसा, बलात्कार, यौन दुर्व्यवहार, एसिड आक्रमण, दाइजोसँग सम्बन्धित मृत्यु, बोक्सीको आरोप, छाउपडी प्रथा, बहुविवाह, महिला बेचबिखन जस्ता विभिन्न किसिमका हिंसाका घटनाहरु हुने गरेको पाइन्छ । महिला विरुद्ध हुने यस्ता प्रकारका हिंसाहरुलाई सम्वोधन गर्न निश्चित कानूनहरु भए तापनि यी कानुनहरूको प्रभावकारी कार्यान्वयनमा उल्लेखनिय अन्तर देखिन्छ र यसले सामान्यतया महिलाहरूको सुरक्षाका लागि ठुलो चुनौति उत्पन्न गर्दछ ।

## सुझावहरू:

### महिलासँग सम्बन्धित सबै विभेदकारी कानूनहरू हटाउने

महिलाविरुद्धका सबै विभेदकारी कानूनहरूको समिक्षा र पहिचान गर्नका लागि व्यवस्थित कदम चाल्नु पर्दछ। लिङ्गको आधारमा उच्च र तल्लो तहमा वर्गिकरण गर्ने वा परम्परा देखि महिला र पुरुषका लागि पुर्वाग्रही कानुनी व्यवस्थाहरुको तत्काल सशोधन तथा सुधार गर्न आवश्यक छ । यस्तो खालको कानूनी सुधार प्रक्रियामा नागरिकता सम्बन्धी संवैधानिक प्रावधानको संशोधनमा समावेश हुनु पर्दछ । अहिलेको संवैधानिक प्रावधानमा महिलालाई दोश्रो दर्जाको नागरिकका रुपमा राखेको छ र यसले छोराहरुलाई उच्च प्राथमिकता दिन्छ ।

### सकारात्मक कानूनहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने

बालिका तथा महिलाहरु विरुद्ध हुने हिंसाका घटनाहरूलाई हुन नदिन, अनुसन्धान तथा छानविन गर्न र कानूनी दायरामा ल्याउनका लागि कदमहरू चालिनु पर्दछ । हिंसा सम्बन्धी घटनाहरू सुल्झाउन मेलमिलापको उपायमात्र प्रयोग गर्नुको सट्टा सरकारले दण्डहिनताको अन्त्य गर्ने र त्यस्ता हिंसा पीडितहरुलाई कानुनी उपचार प्रदान गर्ने कुरामा ध्यान दिनु पर्दछ । त्यसै गरी महिलाहरुको पक्षमा रहेको सकारात्मक कानूनहरूको प्रभावकारी कार्यान्वयन कानूनी संहिता अनुसार तत्कालै गरिनु पर्दछ ।

## पारिवारीक सम्बन्धमा महिला तथा बालिकाहरुको समानताको सुनिश्चितता गर्ने

पैतृक सम्पत्ति र पारिवारीक सम्बन्धमा नेपालको कानूनी व्यवस्थामा महिला विरुद्ध दोहोरो नीति अपनाईएको छ, जुन लैङ्गिक समानता प्राप्त गर्नको लागि संशोधन गर्न आवश्यक छ ।

## सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐनलाई संशोधन गर्ने

महिला अधिकारको दृष्टिकोणबाट सुरक्षित मात्तृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०१८ का केही पक्षहरूमा संशोधन हुनु आवश्यक छ । यस्ता संशोधनहरुमा वास्तविक चिकित्सकिय केशहरु जस्तै कुनै एक लिङ्ग (पुरुष वा महिला) लाई मात्र प्रभाव पार्ने वंशाणुगत समस्या[२४] भएमा लिङ्ग पहिचान तथा/वा गर्भपतन गर्नका लागि कानूनी मान्यता तथा संरक्षण गर्नु पर्ने हुन्छ । त्यसैगरी, अपराध संहिता ऐनबाट गर्भपतन गरेका महिलाहरूलाई अभियोग लगाउने र दण्ड सजायँ दिने प्रावधानहरु हटाउनु पर्दछ । भ्रुणको असामान्य स्थिति रहेको खण्डमा वा महिलाको शारिरीक, मानसिक वा ज्यान खतरामा पर्न सक्ने स्थितिमा २८ हप्ताभन्दा बढीको भ्रुणलाई गर्भपतन गर्न यस ऐनले लगाएको प्रतिबन्धलाई हटाउनु पर्छ ।

## सन्दर्भ सामग्रीहरु:


1. National Population Policy 2071 B.S., Ministry of Health and Population, Government of Nepal, p. 4 and 7.
2. Cleland, J., Verrall J., & Vaessan, M. (1983). Preference for the sex of children and their influences on Reproductive Behavior World Fertility Survey: Comparative Studies, No. 27. International Statistical Institute, Voorburg, Netherlands.
3. Johansson, S. & Nygren, O. (1991). The missing girls of China: A new demographic account. The Population and Development Review:35-51.
4. Nepal Population and Housing Census, 2012, Central Bureau of Statistics, p. 40 and 41
5. Safe Motherhood and Reproductive Health Rights Act (2018
6. Article 18 (1) and (2), the Constitution of Nepal (2015).
7. Section 5, the Act relating to Children (2018).
8. Article 11(5), the Constitution of Nepal (2015).
9. Article 11(6), the Constitution of Nepal (2015).
10. Article 18(5), the Constitution of Nepal (2015).
11. Article 38(1), the Constitution of Nepal (2015).
12. Section 205, Chapter 10 on Provision relating to Partition, Muluki Civil (Code) Act, 2017.
13. FWLD and UNDP, Study on Women's Property Ownership and its Impact, 2018. Source: Shadow report on sixth periodic report of Nepal on CEDAW, 2018, p. 32.
14. Article 38(6), the Constitution of Nepal (2015).
15. Section 175(1), Chapter on Offense relating to marriage, Muluki Penal (Code) Act, 2017; Section 70 (1) (c), Chapter on Provisions related to Marriage, Muluki Civil (Code) Act, 2017.
16. Section 175(3), Chapter on Offense relating to marriage, Muluki Penal (Code) Act, 2017; Section 209(3), Chapter on Provision relating to Partition, Muluki Civil (Code) Act, 2017.
17. Section 99, Chapter on Provision relating to Partition, Muluki Civil (Code) Act, 2017.
18. Section 94(b)(C)(d), Chapter on Provision relating to Partition, Muluki Civil (Code) Act, 2017.
19. Section 99 (6), Chapter on Provision relating to Partition, Muluki Civil (Code) Act, 2017.
20. Section 5(2), the Social Practice (reform) Act, 1976.
21. Section 2(f), the Domestic Violence (Crime and Punishment) Act 2066.
22. Section 4(8), the Domestic Violence (Crime and Punishment) Act 2066.
23. Article 38(3), the Constitution of Nepal (2015).
24. Lewis, C., Hill, M., Skirton, H., & Chitty, L. S. (2012). Non-invasive prenatal diagnosis for fetal sex determination: benefits and disadvantages from the service users' perspective. European journal of human genetics: EJHG, 20(11),1127–1133. https://doi.org/10.1038/ejhg.2012.50